आज मिति २०७४ साल कार्तिक २८ गते मंगलवार बिहान १०.१२ बजे यस मकवानपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाईं ज्यूको अध्यक्षतामा बस्दा गाउँपालिका तपशिलका सदस्य ज्यूको उपस्थिति गरियो ।

उपस्थिति-

१. अध्यक्ष श्री विदुर हुमागाईं

२. उपाध्यक्ष श्री हकुमायाँ रुम्बा

३. सदस्य श्री आइत सिं लो (वडाध्यक्ष वडा नं. १)

४. " श्री बखान सिंह पाख्रिन (वडाध्यक्ष वडा नं. २)

५. " श्री भागवत घिमिरे (वडाध्यक्ष वडा नं. ३)

६. " श्री राम प्रसाद तिमल्सिना (वडाध्यक्ष वडा नं. ४)

७. " श्री ओम ब. घिमिरे (वडाध्यक्ष वडा नं. ५)

८. " श्री रिता प्रसाद दाहाल (वडाध्यक्ष वडा नं. ६)

९. " श्री सूर्य बहादुर रुम्बा (वडाध्यक्ष वडा नं. ७)

१०. " श्री कुमार सिं थिङ (वडाध्यक्ष वडा नं. ८)

११. सदस्य श्री छिमिमायाँ लुङ्वा

१२. " श्री सुरेन्द्र सुनार

१३. " श्री निर्मला विश्वकर्मा

१४. " श्री मञ्जु योन्जन

१५. सदस्य श्री पातलीमायाँ गोले

१६. सदस्य श्री कुशीमायाँ थोन्जन

१७. सदस्य सचिव श्री भीम कु० परियार (प्रमुख प्रशासकीय अधिकृत)

१८. बैठक माइन्युट व्यवस्थापन ना.सु. श्री युवराज पौड्याल

**प्रस्तावहरु**

१. गाउँपालिकाको केन्द्र सम्बन्धमा
२. सहकारी विधेयक, २०७४ सम्बन्धमा
३. गाउँ शिक्षा विधेयक, २०७४ सम्बन्धमा
४. आर्थिक कार्यविधि ऐन, २०७४ सम्बन्धमा
५. मकवानपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्बन्धमा
६. मकवानपुरगढी गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ सम्बन्धमा।

Scanned with CamScanner

**निर्णय नं १.**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको केन्द्र तोक्ने सम्वन्धि प्रस्ताव मिति २०७४।०७।२२ को कार्यपालिकाको वैठकमा पेश भई सो सम्वन्धि अध्ययन र प्रतिवेदन तयार पार्न यसै गाउँपालिकाको उपाध्यक्ष श्री हर्कमाया रुम्बाको संयोजकत्वमा ७ सदस्यीय सुझाव समिति ले देहायको विकल्प सहितको सुझाव पेश गरेको हुँदा मिति २०७४।०७।२८ गते वस्ने गाउँसभामा देहायको केन्द्र सम्वन्धि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१) सविक मकवानपुरगढी गाविस कार्यालय रहेको स्थान वा वडा नं ३ को कुनै पनि उपयुक्त सार्वजनिक जग्गा उपलब्ध भएमा प्राथमिकता नं १ मा राखि सभामा पेश गर्ने ।

२) केन्द्र सम्वन्धि पहिलो प्रस्ताव को सम्वन्धमा सहमती वा वहुमतले स्वीकृत हुन नसकेमा वडा नं २ र वडा नं ६ को डुम्रेकुनालाई समेत विकल्पको रुपमा पेश गर्ने ।

**निर्णय नं २**

मकवानपुरगढी गाउँपालिकामा स्थापना भएका र नयाँ स्थापना हुने सहकारी संस्थाहरुको नियमन,दर्ता र व्यवस्थापनको लागि तयार भएको सहकारी विद्येयक, २०७४ कार्यपालिकाबाट स्वीकृत गरि सभामा पेश गर्ने ।

**निर्णय नं ३**

मकवानपुरगढी गाउँपालिकामा रहेका विद्यालय तथा शैक्षिक क्षेत्रको नियमन,व्यवस्थापन र संचालनको लागि तयार भएको गाउँ शिक्षा ऐन, २०७४ कार्यपालिकाबाट स्वीकृत गरि सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

मकवानपुरगढी गाउँपालिकाले सम्पादन गर्ने क्रियाकलापहरुको आर्थिक पक्षलाई, सवल, सक्षम,पारदर्शि र मितव्ययी वनाउनको लागि स्थानीय सरकार संचालन ऐन र नेपालको संविधानमा व्यवस्था भए बमोजिमको अधिकार प्रयोग गरि तयार भएका आर्थिक कार्यविधि विद्येयक,२०७४ कार्यपालिकाबाट स्वीकृत गरि सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानु बनाई प्रशासकीय कार्यविधि नियमित गर्न आवश्यक भएकोले तयार भएको मकवानपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) विद्येयक, २०७४ कार्यपालिकाले स्वीकृत गरि सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

मकवानपुरगढी गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभवकारी बनाउनको लागि यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दीको अधिनमा रही रिक्त प्राविधिक कर्मचारीको पदपुर्तिको लागि तयार भएको मकवानपुरगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner